# तिरहुत गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गोईठी, सप्तरी
## मधेश प्रदेश, नेपाल

पत्र संख्याः २०८३/०८४
चलानी नं. ६०

मितिः २०८३/०४/०१

**सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली (तेश्रो शंसोधन), २०८२ को नियम ९ तथा समाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को नियम ७ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले अगामी आ.व. २०८३/०८४ मा भत्ता प्राप्त गर्न तोकिएको ढाँचामा सम्बन्धित वडा कार्यालयमा निःशुल्क नवीकरणको लागि निवेदन दिनुपर्ने व्यवस्था भए बमोजिम लाभग्राहीहरु स्वयंम वडा कार्यालयमा उपस्थित भई मिति २०८३ श्रावण १ गते देखि असोज मसान्त भित्र अनिवार्य रुपले आ-आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्नु हुन अनुरोध छ । साथै बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिहरुको हकमा निजको आमा, बाबु, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले समेत निवेदन दिन सकिने सम्बन्धित सबै सरोकारवालालाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

**नवीकरण गराउन सम्बन्धित वडामा चाहिने आवश्यक कागजातहरुः**

| सि.न. | लक्षित वर्ग | आवश्यक कागजात | कैफियत |
|---|---|---|---|
| १. | अन्य जेष्ठ नागरिक र दलित जेष्ठ नागरिकको हकमा | ➢ राष्ट्रिय परिचयपत्र नम्बर,<br>➢ सामाजिक सुरक्षा भता परिचयपत्रको प्रतिलिपी,<br>➢ नागरिकताको प्रतिलिपी,<br>➢ पासपोर्ट साइजको फोटो १ प्रति,<br>➢ अनुसूची ३ बमोजिम परिचयपत्र नवीकरणका लागि निवेदन । | |
| २. | एकल महिला विधुवा ६० वर्ष माथिको हकमा | ➢ राष्ट्रिय परिचयपत्र नम्बर,<br>➢ सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपी,<br>➢ नागरिकताको प्रतिलिपी,<br>➢ पतिको मृत्यु दर्ताको प्रतिलिपी, | |

२०८३/०४/०१

Website:www.tirahutmun.gov.np, Email : info@tirahutmun.gov.np,
tirahutgaunpalika555@gmail.com


CamScanner

| | | | |
|---|---|---|---|
| | | ➢ पासपोर्ट साइजको फोटो १ प्रति,<br>➢ अनुसूची ३ बमोजिम परिचयपत्र नवीकरणका लागि निवेदन । | |
| ३. | विधुवा ६० वर्ष मुनिको हकमा | ➢ राष्ट्रिय परिचयपत्र नम्बर,<br>➢ सामाजिक सुरक्षा परिचयपत्रको प्रतिलिपी,<br>➢ नागरिकताको प्रतिलिपी,<br>➢ अर्को विवाह नगरेको वडा सिफारिस,<br>➢ पासपोर्ट साइजको फोटो १ प्रति,<br>➢ अनुसूची ३ बमोजिम परिचयपत्र नवीकरणका लागि निवेदन । | |
| ४. | पूर्ण अपाङ्गता क वर्गको हकमा | ➢ राष्ट्रिय परिचयपत्र नम्बर, (१६ वर्ष माथिको हकमा)<br>➢ सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपी,<br>➢ जन्मदर्ता/नागरिकताको प्रतिलिपी,<br>➢ गा.पा.बाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी,<br>➢ संरक्षकको नागरिकताको प्रतिलिपी,<br>➢ पासपोर्ट साइजको फोटो १ प्रति,<br>➢ अनुसूची ३ बमोजिम परिचयपत्र नवीकरणका लागि निवेदन । | |
| ५. | अति असक्त अपाङ्गता ख वर्गको हकमा | ➢ राष्ट्रिय परिचयपत्र नम्बर, (१६ वर्ष माथिको हकमा)<br>➢ सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपी,<br>➢ जन्मदर्ता/नागरिकताको प्रतिलिपी, | |

२०८३/०४/०१



CamScanner

# तिरहुत गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गोईठी, सप्तरी
## मधेश प्रदेश, नेपाल

पत्र संख्याः २०८३/०८४
चलानी नं. ९९

| | | | |
|---|---|---|---|
| | | ➢ गा.पा.बाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी,<br>➢ संरक्षकको नागरिकताको प्रतिलिपी,<br>➢ पासपोर्ट साइजको फोटो १ प्रति,<br>➢ अनुसूची ३ बमोजिम परिचयपत्र नवीकरणका लागि निवेदन । | |
| ६. | क्षेत्र तोकिएको बालबालिका र दलित बालबालिकाको हकमा | ➢ सामाजिक सुरक्षा परिचयपत्रको प्रतिलिपी,<br>➢ जन्मदर्ताको प्रतिलिपी,<br>➢ संरक्षकको नागरिकताको प्रतिलिपी,<br>➢ पासपोर्ट साइजको फोटो १ प्रति,<br>➢ अनुसूची ३ बमोजिम परिचयपत्र नवीकरणका लागि निवेदन । | |

**नोटः-** *सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा ७ को उपदफा ८ बमोजिम म्याद भित्र नवीकरण नभएमा लाभग्राहीको लगतकट्टा हुने र भत्ता प्राप्त हुने छैन । साथै निज लगतकट्टा भएका लाभग्राहीले पुनः सूचिकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोही अनुसार गर्नु गराउनु हुन सम्पूर्णमा जानकारीको लागि अनुरोध छ ।*

२०८३।०४।०५
(नरेश कुमार यादव)
एम.आई.एस.अपरेटर

**बोधार्थः**

श्री गाउँपालिका अध्यक्ष/उपाध्यक्ष ज्यू, तिरहुत गाउँपालिका गोईठी, सप्तरी ।
श्री सबै वडा अध्यक्ष ज्यू, तिरहुत गाउँपालिका गोईठी, सप्तरी ।
श्री सूचना प्रविधि शाखा, तिरहुत गाउँपालिका गोईठी, सप्तरी । (वेवसाइटमा अपलोड गर्नुहुन)
श्री सबै वडा कार्यालय, गाउँपालिका गोईठी, सप्तरी । (कार्यान्वयन गर्नु/गराउनुहुन)



CamScanner